# नेपाल विद्युत प्राधिकरणको बाँकी वक्यौता महसुल बुझाउने बारेको अत्यन्त जरुरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७४/५/८*

नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७३ को विनियम १० मा मिटर रिडिङ्ग भएको ६०औं दिनसम्म विद्युत महसुल नबुझाएमा विना सूचना जुनसुकै समयमा पनि विद्युत लाइन काटिने छ भन्ने व्यवस्था उल्लेख भएकोमा सो व्यवस्था विपरित ग्राहकहरुले लामो समयसम्म बाँकी वक्यौता महसुल नबुझाएको पाइएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो बाँकी वक्यौता रकम बुझाउन आउन सूचित गरिन्छ । उक्त अवधिभित्र वक्यौता महसुल नबुझाउने सम्बन्धित ग्राहकहरुको लाइन जुनसुकै समयमा काटिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित कार्यालयले समेत यसै सूचनालाई आधार मानी बाँकी वक्यौता महसुल नबुझाउने ग्राहकहरुको लाइन काटी सोको विवरण यस निर्देशनालयमा उपलब्ध गराउन हुनसमेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
दरवारमार्ग, काठमाण्डौ ।